यशोधरा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बैदौली, कपिलवस्तु
(लुम्बिनी प्रदेश, नेपाल)

पत्र संख्या :-२०८२/८३
(सा.सु.तथा पंजीकरण शाखा)
चलानी नम्बर :-
मिति :२०८३।०३।३२

सुचना । सुचना ॥ सुचना ।॥

## सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न योग्य लाभग्राहीहरूको सुचिकरण तथा नबीकरण गराउने सम्बन्धी अत्यन्त जरुरी सुचना

१.सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने सबै लाभग्राहीहरूको सामाजिक सुरक्षा (तेस्रो संशोधन) नियमावली २०८२को नियम (९) बमोजिम असोज मसान्त भित्र सामाजिक सुरक्षा परिचयपत्र स्वयं उपस्थित भई नबीकरण गराउनु हुन ।

२.सबै लाभग्राहीहरूले आ आफ्नो वडा कार्यालयमा ( अस्थायी बसोबास रहेको वडा कार्यालयमा समेत Biometric गरि सकेको अवस्थामा) स्वयं उपस्थित भई जैविक पहिचानका आधारमा नबीकरण गरि २०८४ असार मसान्त सम्मको सामाजिक सुरक्षा भत्ता प्राप्ति सुनिश्चित गर्नु गराउनु हुन ।

३.सामाजिक सुरक्षा भत्ता भत्ता प्राप्त गर्ने लाभग्राहीहरूको नबीकरण गर्दा राष्ट्रिय परिचयपत्र नम्बरका आधारमा जैविक पहिचान (Biometric Device,Finger Print /IRIS Device ) मार्फत गर्नु गराउनु हुन ।

४.सामाजिक सुरक्षा भत्ता नबीकरण गर्ने समय २०८३ साउन १ गते देखि २०८३ असोज मसान्त सम्म रहेको हुदाँ सम्बन्धित वडा कार्यालयमा गई सबै लाभग्राहीहरूले परिचयपत्र नबीकरण गर्नु गराउनु हुन ।

५. मिति २०८३ असार मसान्त सम्म नयाँ दर्ता गराएका लाभग्राहीहरूले सम्बन्धित बैकंमा गई खाता खोले पश्चात मात्र परिचयपत्र नबीकरण गर्नु गराउनु हुन ।

नोट: १. सामाजिक सुरक्षा भत्ता बितरण कार्यबिधि २०८२ को दफा ५ बमोजिम १६ वर्ष उमेर पुरा नभएको बालबालिका ,आफ्नो हेरचाह आफै गर्न नसक्ने अशक्त र ९० बर्ष उमेर माथीका जेष्ठ नागरीकहरूलाई लाभग्राहीमा सुचिकृत हुन राष्ट्रिय परिचयपत्र नम्बर अनिवार्य हुने छैन ।

२. यस उपरान्त सामाजिक सुरक्षा भत्ता सम्बन्धी कुनै जानकारी चाहिएको खण्डमा यसै कार्यालयको सामाजिक सुरक्षा तथा पंजकिरण शाखाको फोन नं.९८५७०५०७८६ मार्फत सम्पर्क गर्नु हुन अनुरोध छ ।

बोद्धार्थ
श्री सुचना प्रविधि शाखा:
पालिकाको वेव र फेसबुक पेजमा अपलोड गर्नु हुन ।

बलिराम यादव
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत

CamScanner